# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।१०।०७ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौंका प्रमुख प्रशिक्षक(पाँचौं तह) सरिफा पन्तले घरेलु उद्योग दर्ताको लागि घरधनीको नागरिकता प्रमाण-पत्र नरहेकोले लाहाछाप लगाउने उद्योगको अनुमति दिन नमिल्ने भनी सेवाग्राहीसँग विभिन्न बहाना बनाई घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टङ्गालबाट खटिई गएको टोलीले सोही कार्यालयमा बिचौलियाको काम गर्ने खगेन्द्र बोहोराले काम गराइदिन्छु भने बमोजिम निज सरिफा पन्तले टिप्पणी उठाई काम गरिदिएको तर प्रमाण-पत्र दिने काम बाँकी राखेको अवस्थामा निज सरिफा पन्त र खगेन्द्र बोहोरालाई रु.५,०००।-(पाँच हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज सरिफा पन्तले सेवाग्राहीसँग बिचौलिया बोहोरामार्फत घुस रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.५,०००।-(पाँच हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन तथा बिचौलिया खगेन्द्र बोहोराले निवेदकबाट उक्त घुस रकम बुझी लिई निज सरिफा पन्तलाई दिई अपराधजन्य कार्यमा सहयोगी तथा मतियारको भूमिका निर्वाह गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.५,०००।-(पाँच हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम हुने सजायमा ऐ.ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता